# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, पौष २६ गते,२०८१ साल (संख्याः६

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,तेस्रो संशोधन,२०८१

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(२) बमोजिम मुसिकोट नगरपालिकाको कार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मुसिकोट राजपत्र

# मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,तेस्रो संशोधन,२०८१

**प्रस्तावना**

मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४, (यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको) लाई थप गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,लाई देहाय वमोजिम संशोधन गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि दोस्रो संशोधन २०८१" रहेको छ।

**२. मूल कार्यविधिको परिच्छेद २ कार्यक्रममा थप गरि संशोधन गरिएको:**

**क. नेपाली कफीको जन्म ठाउँमा कफी बगैँचा गाउँ गाउँमा कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सुचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सुचना प्रकाशन गर्ने।

(३) कम्तिमा २०० वटा कफिका बोट लगाउन चाहाने नगरभित्रका कृषक, कृषि फार्म, समुह वा सहकारीले सम्बन्धित वडा कार्यालयमा विरुवाका लागि निवेदन दिनुपर्दछ।

मुसिकोट राजपत्र

(४) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सबै निवेदन एकसाथ नगरपालिकाको कृषि शाखामा दर्ता गर्नु पर्ने छ र यस्तो निवेदन/ प्रस्ताव सोझै नगरपालिकको कृषि शाखामा दर्ता गर्न पनी सकिने छ। कृषि शाखामा आएका निवेदनहरु आर्थिक विकास समितिको निर्णय अनुरुप दर्ता हुनेछ।

(५) कृषि शाखाले कार्यालयको आन्तरिक प्रकृया पूरा गरी वडा कार्यालय तथा शाखाबाट प्राप्त निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित कृषक ,कृषि फार्म, समुह वा सहकारीलाई कफी बगैँचा निर्माणका लागि स्वीकृती पत्र दिनु पर्दछ ।

(६) स्वीकृत गर्न नसके सोको कारण खुलाई ७ दिन भित्र सम्बन्धित कृषक, कृषि फार्म, समुह वा सहकारीलाई  लिखित जानकारी दिनु पर्दछ।

(७) स्वीकृत पत्र प्राप्त गरी सकेपछि सम्बन्धित कृषक,कृषि फार्म, समुह वा सहकारीले  निम्न बमोजिमको कार्य गर्नु पर्दछ।

(क) कम्तिमा २ रोपनी जग्गामा कफी बगैँचा निर्माण भएको हुनु पर्दछ।

(ख) कफि बगैँचालाई जुनसुकै बखत सिचाई गर्ने गरी पानीको व्यवस्था गर्नुपर्दछ।

(ग) सकेसम्म जैविक मल, जैविक विषादीको मात्र प्रयोग गर्नु पर्दछ।

(घ) तोकिएको मापदण्डमा रही समयमै खाडल खनी सक्नु पर्दछ।

(ङ) बिरुवा लगाउनु अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ।

(च) अनुगमनका लागि खटिएका टोलिलाई सहयोग गर्नु पर्दछ।

(छ) प्राविधिकले दिएको परामर्श र निर्देशनलाई पालना गर्नु पर्दछ।

(ज) कृषक ,कृषक समुह, फार्म तथा सहकारी मार्फत कार्यक्रम कार्यान्वयन गर्दा पहिलो बर्ष प्रति खाडल रु ५० र रोपेको दोस्रो बर्षदेखि (फल लाग्ने बगैँचा तयार नभएसम्म) रोपेको चौथो बर्ष सम्म प्राविधिक प्रतिवेदन मुल्याङ्कनको आधारमा कफिका विरुवा लगायत अन्य आवश्यक सामग्रीहरु ७५% अनुदानमा प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिने छ।

(झ) यस कार्यक्रम अन्तर्गत नगरपालिकाको कृषि शाखाबाट सिधा निगरानीमा वडा कार्यालय,नगरकार्यपालिका कार्यालयले स्थानीय सरकारकै स्वामित्वका जग्गा या सार्वजनिक वगैँचा,चौर,र खाली रहेका पाखाहरुमा कफी रोपण तथा बगैँचा स्थापना र व्यवस्थापन गर्न पनि सकिनेछ। साथै निजी,सहकारी,सामुदायीक या गैर सरकारी संस्थाहरुसंग मिलेर साझेदारीमा पनि नगरपालिकाको कफी नर्सरी,रोपण बगैँचा व्यवस्थापन,कफि प्रशोधन र बजारीकरण सम्मका बिषयमा बजेट लगाई कार्य गर्न/गराउन सकिनेछ।

(ञ) यस कार्यक्रम अन्तर्गत कफीका बिभिन्न प्रजातिका बगैँचा स्थापनाका साथ साथै कफी बगैँचाको अपरिहार्य अंगका रुपमा रहने छहारी बोटको रोपण/व्यवस्थापन र अन्तरवालीको रुपमा रहने वोटको व्यवस्थापन र अन्तर-बाली का वालिका रुपमा लगाईने बालीनाली समेत पर्नेछन।

(८) यस कार्यक्रममा बजेटको सिमाले भ्याएमा पालिकामा दर्ता भएका सरकारी मान्यता प्राप्त नर्सरीबाट खरिद गरि ७५% अनुदानमा कफि बिरुवा उपलब्ध गराउन सक्नेछ र बुँदा नं झ अनुसारका कार्यमा भने नगरपमलिकाले शतप्रतिशत अनुदान सहयोग उपलब्ध गराउन पनि सकिनेछ।

मुसिकोट राजपत्र

(९) भुक्तानीका लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी कृषि विकास शाखाबाट भुक्तानी प्रकृया अगाडि बढाउनु पर्दछ।

प्रमाणिकरण मिति
२०८१।०२।०१

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र